रैनादेवी छहरा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
छहरा, पाल्पा

च.नं. ५२२
प.स. २०७७/२०७८

☎ ०७५- ६९१०२५

मिति: २०७७/०७/२०

श्री कक्षा ११,१२ सञ्चालित सम्पूर्ण माध्यमिक विद्यालयहरु
रैनादेवी छहरा गाउँपालिका, पाल्पा

विषय : स्वास्थ्य मापदण्ड अपनाई परीक्षा सञ्चालन गर्ने सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा मिति २०७७/०६/३० गते कक्षा ११,१२ सञ्चालित विद्यालयका प्र.अ.हरुसंग भएको वैठकको निर्णय वमोजिम साविकमा राष्ट्रिय परीक्षा वोर्डवाट लिइंदै आएको कक्षा ११ को अन्तिम परीक्षा यसवर्ष वोर्डको प्रत्यायोजित अधिकार अर्न्तगत रहेर रैनादेवी छहरा गाउँपालिका भित्रका विद्यालयमा मिति:२०७७/०७/२३ देखि मिति: २०७७/०७/२८ सम्म सञ्चालन गर्ने निर्णय भएको र हालसम्म पनि कोभिड-१९ संक्रमणको जोखिम रहेका कारण सञ्चालन हुन लागिरहेको कक्षा ११को परीक्षामा विद्यालयले न्यूनतम स्वास्थ्य सुरक्षाका मापदण्डहरु (सावुनपानीले हातधुने व्यवस्था, ह्याण्ड स्यानेटाइजर र विद्यार्थीलाई अनिवार्य मास्क लगाउने व्यवस्था) अपनाइ परीक्षा सञ्चालन गराउन हुन सूचित गरिन्छ । परीक्षा हलभित्र भौतिक दूरी कायम गर्दै एक वेञ्चमा एक जना विद्यार्थी मात्र राखेर परीक्षा सञ्चालन गराउन हुन जानकारी गराइन्छ । साथै परीक्षा अवधिभर परीक्षा सञ्चालन हुने विद्यालयहरुमा गाउँपालिकाले थर्मल गन सहितको स्वास्थ्य कर्मीको समेत व्यवस्था गर्ने कुरा जानकारीका लागि अनुरोध छ ।

..............
खेत वहादुर खत्री
प्रमुखप्रशासकीयअधिकृत

खेत बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत
रैनादेवी छहरा गा.पा.